# चौथो वार्षिक प्रतिवेदन

# २०६३/२०६४

## राष्ट्रिय सहकारी बैंक लि.

## NATIONAL COOPERATIVE BANK LTD.

पो.ब.नं. ८९७५, इपीसी २७११
बानेश्वर, काठमाडौं
फोन : ४४६१९०७, फ्याक्स : ४४६५८०५
Email : coopbank@wlink.com.np, info@coopbank.com.np
Website : www.coopbank.com.np

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## सल्लाहकार


श्री केशव बडाल


श्री दीपकप्रकाश बाँस्कोटा


डा.श्रीहरिकृष्ण उपाध्याय


डा.श्री युवराज खतिवडा


श्री विष्णु बहादुर के. सी.


प्रा.डा. विश्वम्भर प्याकुरेल

## अध्यक्ष


श्री राजेशहरि जोशी
(प्रतिनिधि- मकवानपुर ब. तथा ऋ.स.सं. लि., हेटौंडा)

## प्रबन्ध सञ्चालक


श्री के. बी. उप्रेती
(प्रतिनिधि- जनता कोअपरेटिभ लि., काठमाडौं)

## लेखा समिति संयोजक


श्री ओमप्रकाश शर्मा
(प्रतिनिधि- कृष्ण ब. तथा ऋ.स.सं. लि.,बर्दिया)

## सञ्चालकहरु


श्री गोविन्द बहादुर मल्ल
(प्रतिनिधि - बुलबुले ब. तथा ऋ.स.सं.लि., सुर्खेत)


श्री रमेशप्रसाद पोखरेल
(प्रतिनिधि - स्टार ब. ब. तथा ऋ.स.सं.लि., विराटनगर)


श्री राममान श्रेष्ठ
(प्रतिनिधि - लसकुस ब. तथा ऋ.स.सं.लि., काठमाडौं)


श्री नमराज सापकोटा
(प्रतिनिधि - म्हैपि ब. तथा ऋ.स.सं.लि., काठमाडौं)


श्री भागवत श्रेष्ठ
(प्रतिनिधि - मिलन ब. स.सं.लि., काठमाडौं)


श्री विदुर चालिसे
(प्रतिनिधि - स्तुपा स्वास्थ्य सेवा स.सं.लि., काठमाडौं)


श्री डिल्लीराम तिवारी
(प्रतिनिधि - राष्ट्रिय सहकारी संघ लि. काठमाडौं)


श्री टंक मणि शर्मा
(रजिष्ट्रार- सहकारी विभाग, काठमाडौं)


श्री रवि किरण ढकाल
(आमन्त्रीत संचालक शुभश्री कोअपरेटिभ लि., काठमाडौं)

## लेखा समिति सदस्य


श्री कुलचन्द्र अधिकारी
(प्रतिनिधि- जिल्ला सहकारी संघ लि.-काभ्रे)


श्री गणेशप्रसाद बस्नेत
(प्रतिनिधि- जिल्ला सहकारी संघ लि.-झापा)

## कानूनी सल्लाहकार


श्री माधव बाँस्कोटा

द.नं. ०८/५९/(सहकारी बैंक)

# राष्ट्रिय सहकारी बैंक लिमिटेड
# NATIONAL CO-OPERATIVE BANK LIMITED

च.नं. १०३-०६४ ६५

मिति :-२०६४ ८ २

श्री ...................................................... सहकारी संघ/संस्था लि.
................................................................................ ।

विषय :- वार्षिक साधारणसभामा भाग लिन आउने बारे ।

यस बैंकको संचालक समितिको निर्णयानुसार चौथो वार्षिक साधारणसभा उल्लेखित विषयहरु उपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा उक्त सभामा भाग लिन त्यस संघ संस्थाको तर्फबाट एक जना प्रतिनिधि पठाईदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

साधारणसभाका विषयहरू :-

१) संचालक समितिको तर्फबाट बैंकका अध्यक्षज्यूबाट प्रस्तुत प्रतिवेदन,
२) बैंकका प्रबन्ध संचालकबाट प्रस्तुत प्रगति प्रतिवेदन,
३) आ.ब. ०६३/६४ को प्रस्तुत लेखापरीक्षण प्रतिवेदन,
४) लेखा समितिको प्रस्तुत प्रतिवेदन,
५) आ.ब. ०६४/६५ को प्रस्तुत प्रस्तावित बजेट तथा कार्यक्रम,
६) प्रस्तावित लाभांश वितरणको अनुमोदन,
७) बैंकको विनियम संशोधन,
८) आ.ब. ०६४/६५ को लागि लेखा परीक्षकको नियूक्ती तथा निजको पारिश्रमिक,
९) साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समिति तथा सदस्यहरुको तर्फबाट १/१ जना प्रतिनिधि तोक्ने,
१०) विविध ।

मिति : २०६४ साल पौष २१ गते, शनिवार ।
समय : विहान ८:०० बजे ।
स्थान : ललितपुर पार्टी प्यालेस, पुल्चोक, ललितपुर
(ललितपुर विशाल बजार मल्टिकम्प्लेक्स)
फोन नं. ०१-५००९५१२

साधारणसभासम्बन्धी अन्य आवश्यक जानकारीहरू :

१) साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरुले आ-आफ्नो संघ/संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्र र आफ्नो परिचय खुल्ने परिचयपत्र लिएर आउनु पर्नेछ ।
२) एक व्यक्तिले एक संघ/संस्थाको मात्र प्रतिनिधि हुन पाईनेछ ।
३) साधारणसभामा भाग लिन आउने प्रतिनिधिहरुको यातायात तथा आतेजाते खर्च सम्बन्धित संघ संस्था आफैंले व्यवस्था गर्नु पर्नेछ ।

(के. बी. उप्रेती)
प्रबन्ध संचालक

Baneshwor, Kathmandu, Nepal. Tel: 977-1-4461907, 2110137, Fax: 00977-1-4465805, E-mail: info@coopbank.com.np, Website: www.coopbank.com.np

# राष्ट्रिय सहकारी बैंक लिमिटेडका

## शाखा तथा प्रतिनिधि कार्यालयहरु

| क्र.सं. | शाखा/प्रतिनिधि संस्थाको नाम | ठेगाना | फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| क | शाखा कार्यालय<br>राष्ट्रिय सहकारी बैंक लि.,<br>शाखा कार्यालय विराटनगर | विराटनगर, मोरङ्ग | ०२१-५२३८९८, | ०२१-५३८१५३ |
| ख<br>१ | प्रतिनिधि कार्यालयहरू :<br>झापा जिल्ला सहकारी संघ लि. | भद्रपुर, झापा | ०२३-५२०११७ | ०२३-५२०११७ |
| २ | मकवानपुर वचत तथा ऋण सहकारी संस्था लि. | हेटौंडा, मकवानपुर | ०५७-५२०६१४, | |
| ३ | जनहितकारी वचत तथा ऋण सहकारी संस्था लि. | बीरेन्द्रनगर-३, कालागाउँ, सुर्खेत | ०८३-५२१५६२ | ०८३-५२१४८० |
| ४ | नेपा: बहुउद्देश्यीय सहकारी संस्था लि. | इटहरी, सुनसरी | ०२५-५८५८१२ | ०२५-५८५८१२ |
| ५ | एकता सहकारी संस्था लि. | बागलुङ | ०६८-५२०९४१ | ०६८-५२०३८३ |
| ६ | पोखरा रोयल सहकारी संस्था लि. | पोखरा उमनपा-११, कास्की | ०६१-५३८८३३ | ०६१-५३७८३३ |
| ७ | उपकार वचत तथा ऋण सहकारी संस्था लि. | वालिङ, स्याङ्जा | ०६३-४४०२३८ | ०६३-४४०२३८ |
| ८ | जिल्ला सहकारी संघ लि. | नुवाकोट | ०१०-५६०००९ | ०१०-६०००९ |

# सञ्चालक समितिका तर्फवाट राष्ट्रिय सहकारी वैंक लिमिटेडका अध्यक्ष राजेशहरि जोशीद्धारा प्रस्तुत प्रतिवेदन – २०६४

संस्कृति र आतिथ्यको पर्यायको रुपमा परिचित यस ललितपुर जिल्लाको भव्य ललितपुर पार्टी प्यालेसमा राष्ट्रिय सहकारी वैंक लिमिटेडको चौथो वार्षिक साधारणसभामा हाम्रो आतिथ्यलाई सहर्ष ग्रहण गरी पाल्नु हुने आदरणीय प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, मञ्चमा आसिन विशिष्ट पाहुनाहरु, पूर्व मेची देखी पश्चिम महाकालीसम्मका विभिन्न सहकारी संघ/संस्थावाट पाल्नु भएका यस वैंकका शेयर सदस्य प्रतिनिधि तथा पर्यवेक्षक साथीहरु, सभामा उपस्थित सम्पूर्ण महानुभाव तथा पत्रकार मित्रहरु समक्ष राष्ट्रिय सहकारी वैंक लिमिटेडको तर्फवाट र मेरो व्यक्तिगत तर्फवाट सहकारी अभिवादनका साथै हार्दिक स्वागत एवं अभिवादन गर्न पाउदा आफु गौरवान्वित भएको महशुस गरेको छु ।

आदरणीय प्रतिनिधिज्यूहरु,
आर्थिकरुपमा विपन्न ग्रामिण क्षेत्रका जनताहरुलाई आर्थिक सुरक्षाको प्रत्याभुति दिन साथै सहकारी संघ/संस्थाहरुलाई आर्थिक गतिशीलताको मार्ग तिर अग्रसर गराई अर्थतन्त्रको मूलधारमा समाहित गर्न सर्व प्रथम सहकारी वैंक ऐन २०१९ जारी भै सहकारी वैंकको स्थापना वि. सं. २०२० मा भएको थियो । त्यस परिवेसमा सहकारी संघ/सस्थाहरुको संख्या अत्यन्त न्यून हुनु, सक्रियताको कमि हुनु र सहकारी वैंकलाई कार्य क्षेत्र समेत अपुग हुन गएपछि कारोवारमा कमी हुन गई वैक शिथिलता र अधोगति तर्फ उन्मुख हुन गएको कारणले गर्दा सहकारी वैंकलाई वि. स. २०२४ सालमा कृषि विकास वैंकमा परिणत गरीएको थियो ।

शुरुका दिनहरुमा कृषि विकास वैंकले सहकारीहरु वीच स्नेह र हार्दिकता साथ सन्तुलित साथ आर्थिक कारोवार गरेको भएता पनि पछिका दिनहरुमा कृषि विकास वैंक र सहकारी संघ सस्थाहरु वीचको कारोवारले सहकारी संघ/ सस्थाहरु आसामी र वैक साहुको रुपमा विकशित हुदैगएपछि कृषि विकास वैंक र सहकारी संघ/संस्थाहरुको दुरी वढ्दै गएको र सरकारको वढी नै हस्तक्षेपमा परेका सहकारीहरुले कृषि विकास वैंकको स–सानो कर्जा रकम पनि वुझाउन नसकी ठुलो अचल संम्पतिको रुपमा रहेको आफ्नो वहुमूल्य धितो गुमाउन वाध्य भएको थियो र अत्यधिक सहकारी सस्थाहरु निष्कृय हुनपुगे पछि कृषि विकास वैक र सहकारी सस्थाहरु विचमा कर्जा फर्स्योट गर्ने विषयमा धेरै छलफल र सहमतिहरु भएपनि यो समस्या अहिले सम्म सुल्झिन सकिरहेको छैन । तत्कालीन सरकारको सहकारीलाई हेर्ने दिर्घकालीन दृष्टिकोण पनि राम्रो रहेन र लामो समय सम्म सहकारी संघ/सस्थाहरुले अग्रगमनको उपयुक्त मार्गवाट निर्देशित हुन नसकेकै कारण निष्कृय अवस्थामा रहिरहनु पर्‍यो, कतिपय सहकारीहरु त मृत अवस्थामा पनि पुगे ।

२०४६ को प्रथम जनआन्दोलनले मुलुकमा प्रजातन्त्रको पुर्नवहालीको साथै प्रजातन्त्रको आगमन पछि करिव ८३० को संख्यामा रहेका सहकारी संघ /संस्थाहरु समेतलाई नयाँ कानुनको दायरामा ल्याई सहकारी आन्दोलनलाई नै गति प्रदान गर्न सहकारी सम्वन्धि सम्पूर्ण पुराना कानुनलाई खारेजगरी सहकारी ऐन २०४८ तथा सहकारी नियमावली २०४९ लागू गरीयो । अन्तर्राष्ट्रिय सहकारी महासंघले तय गरेका सहकारीका मूल्य, मान्यता र सिद्वान्तहरुको समेत पूर्णरुपले परिपालन हुनेगरी निर्माण गरिएको नयाँ सहकारी ऐंनको आगमन पछि मुलुकमा सहकारी संघ/सस्थाहरुको स्थापनामा तिव्रता आयो । २०५५/५६ तिर आईपुग्दा सहकारी संघ/सस्थाहरुको संख्या करिव ७ हजारको हाराहारीमा स्थापना भए, जसमध्ये वचत तथा ऋण सहकारीहरु करिव १६०० को हाराहारीमा स्थापना भए पछि राष्ट्रिय स्तरमा एउटा सहकारी वैकको स्थापना हुनुपर्ने कुरा जोड्दार रुपले अगाडी आयो । यसैको परिणाम स्वरुप सहकारी ऐन २०४८ लाई २०५७ मा पहिलो पटक सम–सामयिक संशोधन गर्दै सहकारी

ऐन २०४८ को धारा २६ मा उपधारा ४, ५ र ६ थप गरी सहकारी वैक स्थापना सम्वन्धि वाटो खोलिदिने कार्य सम्पन्न भयो ।

यस पछि तत्कालिन सरकारले आ. व. २०५७/५८ को वजेटमा एक करोड रकम विनियोजन गरी सहकारी वैंक स्थापनाको थालनी गरेको थियो । विभिन्न कानुनी प्रक्रियाका वावजुद नेपाल राष्ट्र वैंकको सहमतिमा २०६० साल आषाढ २५ गते यस वैकको दर्ता भएपछि २०६१ श्रावण १९ गते वाट वैंकले आफ्नो कारोवार शुरु गरी सहकारीको आकाशमा एक क्रान्तिकारी फड्को मार्न सफल भएको थियो ।

आदरणीय प्रतिनिधि ज्यूहरु,

थप उत्साह र उमङ्गका साथ स्थापना भएको यस वैंकले सफलताका साथ निर्दिष्ट गन्तव्य स्थल पुग्न प्रयासरत रहेको सर्व विदित नै रहेको छ । सहकरीको आर्दश, मूल्य र मान्यताहरुलाई पूर्णरुपमा आत्मासात गर्दै सदस्यहरु माँझ उच्च स्तरीय र गुणस्तरीय सेवाहरु प्रदान गर्दै मुलुकका ५६ जिल्ला स्थित १३०० सदस्यहरु माझ लोकप्रिय तथा आफ्नोपनको भावना जागरण गर्न यो वैंक निकै हदसम्म सफल भएको देखिन्छ । साथै वर्तमान अवस्थामा सहकारीताको आकाशमा आफ्नै वैंक भन्ने भावनाको प्रत्याभूति दिन सफल भएको छ । अव सहकारी वैंक हामी र हाम्रा सदस्य संघ/सस्थाका आदरणीय सदस्यज्यूहरुलाई नौंलो देखिनु पर्ने कुनै कारण छैन किनकि यस वैंकले आफ्नो सफलताको ४ वर्षको उकाली ओराली पार गरिसकेको छ ।

सदस्य तथा गैर सदस्यहरुवाट निक्षेप संकलन गरी फरार हुने प्रक्रियाले २०५७, ०५८ साल तिर सहकारी क्षेत्र आमजनताको नजरमा अविस्वासीलो देखिएकोमा यस वैंकले आफ्नो निदृष्ट उद्देश्यका साथ प्रगतिको अग्रगामी दिशा तिर अग्रसर भएको कारण सहकारी संघ/सस्थाहरुमा देखापरेका आर्थिक समस्याको केहि हदसम्म समाधान गर्न सफल भएको कुरा म यहाँहरु समक्ष स्मरण गराउन चाहन्छु । हाम्रो सदैव सोच सहकारी वैंक पूर्ण वैंकको रुपमा स्थापना गर्ने हो र यसै कार्यका लागि हामी आवश्यक गृहकार्य गर्दै अग्रसर भईरहेका छौं । सरकारको सहकारी प्रतिको अस्पष्ट नीति, देशको तरल राजनैतिक अवस्थाले गर्दा विभिन्न अवरोधहरुको सामना गरिरहनु परेको अवस्था एकातिर छ भने अर्को तिर सहकारी क्षेत्रको पूर्ण सहयोग र सहभागिता नभएका कारणले आर्थिक गतिशीलता हाम्रा सामु चुनौतीको रुपमा उभिएको छ । यस चुनौतीलाई हामीले सम्भावनाको रुपमा स्वीकार गरेका छौं ।

तर पनि सहकारी वैंकको स्थापनाले समाजमा सहकारी क्षेत्रप्रति रहेको नकारात्मक धारणाहरु क्रमिक रुपमा विस्थापित भै सहकारी एक आदर्श हो भन्ने भावनाको विकासले सहकारी प्रति समाजको आकर्षणमा वृद्धि आई असिम विश्वासनीयता प्राप्त भएको सम्पूर्ण सहकारीकर्मी साथीहरुले अनुभूती गर्नु भएको मैले विश्वास गरेको छु । यसले गर्दा दिन प्रतिदिन सहकारीमा आवद्ध हुन चाहनेहरुको संख्या उल्लेखनिय वृद्धि भएको छ । यसैको परिणाम मुलुकमा करिव १० हजार सहकारीको स्थापना भई सकेको छ ।

आदरणीय प्रतिनिधिज्यूहरु,

विगत ५ वर्ष देखि महानगर पालिका / उपमहा नगर पालिका / नगर पालिकामा वित्तीय सहकारी संस्थाको दर्ता रोकिएका कारणले युवापुस्ता र दक्ष जनशक्तिहरु यस क्षेत्रमा प्रवेश वर्जित जस्तो देखिन आएकोले निस्क्रियताको अभ्यासलाई अन्त्य गरी सवै वर्गहरुको प्रवेशलाई सुनिश्चित गराउने उद्देश्यले वैंकको समेत सक्रियताले सहकारी विभागले सदासयता र आवश्यकता वोध गरी वित्तीय सहकारीको दर्ता २०६४ कार्तिक १ गते वाट खुल्ला गरिदिएको छ । यस महत्वपूर्ण कार्यको प्रारम्भ गरी दिनु भएकोमा समस्त सहकारीकर्मीको तर्फवाट सहकारी विभागलाई धन्यवाद दिन चाहन्छु । महानगर पालिका/उपमहानगर पालिका/नगर पालिकामा वित्तीय सहकारी संस्थाको दर्ताको लागी आवेदन दिने क्रम उल्लेखनिय वृद्धि भएता पनि कुनै पनि संस्था हालसम्म दर्ता नभएकोले तत्काल दर्ता गर्नुपर्ने आवश्यक टड्कारोको रुपमा महशुस गरीएको छ । साथै सवै प्रकृतिका संस्थाहरुको कार्य क्षेत्र कम्तिमा एक जिल्ला हुनुपर्ने हाम्रो अडान यथावत नै रहेको छ ।

सहकारी संघ/संस्थाले कर्जा लगानी गर्दा लिने धितो सुरक्षणको दृष्टिवन्धक पास गर्दा व्यक्ति सरह लाग्ने गरेको १% रजिष्ट्रेशन शुल्क पूर्णरुपमा खारेज गर्न सहकारी वैंकले महत्वपूर्ण भुमिका निर्वाह गरी सफलता प्राप्त गरेको यथार्थलाई स्मरण गराउदै, सहकारी क्षेत्रमा अझ समयानुकुल सुधार गर्दै जानु पर्ने समस्याका विषय वस्तुहरु धेरै छन् जस मध्ये केहि बुंदागत रुपमा यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छु :-

- अस्थाई लेखा नम्वर प्राप्ति सम्वन्धि सरल व्यवस्था हुनुपर्ने ।
- २०% को आयकर सम्वन्धी व्यवस्था पूर्ण रुपमा नै छुट हुनुपर्ने ।
- सहकारी संघ/संस्थाले ०५८ सालदेखि तिर्नुपर्ने कर, व्याजकर, संचालक भत्ता तथा घर भाडाको कर (TDS) मा छुटको व्यवस्था कार्यान्वयनको लागी सरकार संग पटक पटक सहमति हुंदा पनि कार्यान्वयन पक्षमा समस्या रहिरहेकाले तत्काल कार्यान्वयन पक्षलाई कडाईका साथ पालना हुने व्यवस्था हुनुपर्ने ।
- मोफसलका सहकारी संघ/संस्थाहरुले पनि यस वैंकको सेवाहरुलाई सरल रुपले प्राप्त गरी आफ्ना सदस्यहरु मार्फत आर्थिक सवलीकरण गर्न सक्षम होउन भन्ने उद्देश्यले वैंकको संजाल विस्तारको कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने छ । हाल सम्म यस वैंकको विराटनगरमा शाखा कार्यालय तथा झापा, सुनसरी, मकवानपुर, पोखरा, वागलुङ्ग सुर्खेत, नुवाकोट र स्याङजा गरी प्रतिनिधि संस्था ८ पुगेको छ । अन्य जिल्लाहरुमा समेत प्रतिनिधि संस्था मार्फत कारोवार गर्ने हाम्रो प्रयासलाई यहाँहरुको सक्रिय सहयोगको हामी अपेक्षा गर्दछौं । साथै विनियमलाई आवश्यक संसोधन गरी निकट भविष्यमा काठमाडौंको न्यूरोडमा र ललितपुरको लगनखेलमा व्यवसायिक काउन्टर खोल्ने गम्भिर गृहकार्य भईरहेको छ, यस कार्यवाट त्यस क्षेत्रका सदस्य संघ/संस्थाहरु लाभान्वित हुने हाम्रो विश्वास रहेको छ ।
- नेपाल राष्ट्र वैंकवाट अन्य वाणिज्य वैंकको दाजोमा चुक्ता पूंजिको सिमा राखी सो चुक्ता पूंजि पूरा गरेपछि मात्र पूर्ण वैंकिङ्ग कारोवार गर्न पाउने निर्देशन यस वर्ष पनि यथावत नै रहेकोले अन्य वैंक सरह वैंकिङ्ग कारोवार गर्न तथा संस्थागत (गैर सहकारी) निक्षेप संकलन गर्ने कार्यक्रमलाई यस वर्ष पनि कार्यान्वयनमा ल्याउन सकिएन, आगामी वर्षमा कार्यान्वयन गराउने निरन्तर प्रयास रहने छ ।
- वैंकको सदस्यता वृद्धि एवं शेयर वृद्धिको लागी रु २५ लाख भन्दा माथिको रकमको शेयर खरिद गर्ने सदस्य संघ/संस्थाका प्रतिनिधिलाई वैंकको संचालक समितिमा आमन्त्रित संचालकको रुपमा आमन्त्रण गर्ने र निक्षेपको आधारमा व्याजदर निर्धारण गर्ने नीतिलाई यस वर्ष पनि निरन्तरता दिइएको छ ।
- वैंकको कुल निक्षेप रू.१७,६८,४७,८७०/- मध्ये मुद्दतिमा जम्मा रू.३६,६०,०००/- मात्र रहेकोले अत्याधिक मात्रामा तरलता कायम राख्नु पर्ने हाम्रो वाध्यता एकातिर रहेको कारण शेयर सदस्य महानुभावहरुमा वैंकले निर्धारण गरेको मुद्दति खातामा रकम जम्मा गरेर सहयोग गरीदिनुहुन अनुरोध गर्दछु ।
- यस वर्ष वैंकले खुद नाफा रु. ३४,७४,४८२/- कमाउन सफल भएको कुरा यस सम्मानित साधारण सभामा पेश गर्न चाहन्छु । साथै वैंकले आ.व. ०६४ असाढ मसान्तसम्ममा शेयर खरिद गरेका सदस्य संघ/संस्थाहरुलाई ४ प्रतिशत लाभांश दिने र अगामी वर्षमा पनि वैंकलाई निरन्तर नाफामा लैजानुका साथै उचित मुनाफा शेयर सदस्यलाई दिन यो वैंक सक्षम हुने कुरामा विस्वास दिलाउन चाहन्छु ।
- मुलुकको आधा आकाश ढाकेका महिलाहरुद्धारा संचालित तथा कृषकहरुद्धारा स्थापित गरी उक्त नामवाट संचालन भएका महिला र कृषि सहकारी संघ/संस्थाहरुलाई प्रदान हुने रू. २

लाखसम्मको कर्जाको व्याजदरमा ०.५ प्रतिशत कम गर्ने साथै वैंकवाट लिइएका कर्जा रकमलाई उद्देश्य अनुसार लगानी गरी समयमा नै कर्जा चुक्ता गर्ने सम्पूर्ण सदस्य संघ/संस्थाहरुलाई व्याजमा ०.५ प्रतिशत छुट ( Rebate) दिने व्यवस्थालाई यस वर्ष पनि निरन्तरता दिएका छौं । यस कार्यक्रममा सहभागी भई सो सहुलियत प्राप्त गर्न विनम्रता पूर्वक अनुरोध गर्दछु ।

- सहकारी वैंकको विनियमको दफा २० अनुसार (घ) वर्ग अर्थात रु. ५० लाख भन्दा माथिको शेयर खरिद गर्ने सस्थाको प्रतिनिधि संचालक हुने व्यवस्था भएको र उक्त वर्गको प्रतिनिधित्व गर्न शुभश्री को अपरेटिभ लि. पुतलीसडक काठमाडौले रु. ५१ लाखको शेयर खरिद गरी उक्त सस्थाका कार्यकारी संचालक श्री रवि किरण ढकाललाई संचालक समितिको सदस्य पदमा प्रतिनिधित्व गर्न तोकी पठाएको र वैंक संचालक समितिले आमन्त्रित संचालक पदमा मनोनयन गरीएको व्यहोरा जानकारी गराउदै वहाँलाई संचालक सदस्य पदमा निर्वाचित गरिदिनुहुन साधारणसभा समक्ष प्रस्ताव गर्दछु ।
- यस वर्षपनि वैंकका सदस्यहरुको मनोवल उच्च पार्न, वैंकको आर्थिक कारोवारमा तिव्रता ल्याउन निक्षेप तथा कर्जा तर्फका उत्कृष्ट कारोबार गर्ने एक/एक सदस्य संघ/संस्थालाई पुरस्कृत गर्ने योजना कार्यान्वयन गरेका छौं। यस कार्यलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिइने छ।
- वैंकको सञ्जाल विस्तारको क्रममा स्थापित भै सकेको शाखा कार्यालयलाई थप व्यवस्थित गर्ने र सक्षम प्रतिनिधि कार्यालयहरुलाई क्रमश शाखा कार्यालयको रुपमा स्थापित गरिने छ, निम्नतम कारोवार गर्न पनि सक्षम नभएका प्रतिनिधि संस्थाहरुलाई वन्द गर्ने तर्फ कदम चालिने छ ।
- अन्तर्राष्ट्रिय स्तरका सहकारी वैंकहरुको मोडल अध्ययन गरी यस वैंकको **Modality** तयार गरी प्रस्ताव पेश गरेका छौं ।
- वैंकमा कार्यरत कर्मचारीहरुलाई समयानुकूल दक्ष र प्रतिस्पर्धी वनाउदै लैजाने लक्ष्य अनुरुप विभिन्न प्रकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालीमहरु लिने व्यवस्थाको साथै तलव तथा अन्य सुविधाहरुमा वृद्धि गर्दै लगिने छ ।

आदरणीय मित्रहरु,

भर्खरै सार्वजनिक भएको मुलुकको तीन वर्षिय अन्तरिम योजनामा सहकारी क्षेत्र पनि समाहित भएकोमा खुशी व्यक्त गर्दै सहकारी क्षेत्र पनि राज्यको एक महत्वपूर्ण अंग हो भनि प्रमाणित भएको छ । साथै अन्तरिम योजनामा उल्लेख भए वमोजिम गरीवीको रेखा मुनी रहेको ३१% जनसंख्यालाई २४% मा ओराल्ने कार्यक्रमलाई हाम्रो पूर्ण समर्थन र सहयोग हुने प्रतिवद्धता पनि व्यक्त गर्न चाहन्छु । वैंकका विस्तृत आर्थिक अवस्था, वित्तीय तथ्याङ्कहरु र भावी कार्य योजनाहरु प्रवन्ध संचालकज्यूले प्रस्तुत गर्नु हुनेछ जसमाथि यस गरीमामय सभाले व्यापक छलफल गरी आवश्यक मार्ग निर्देशन सहित पारित गरिदिनु हुनेछ भन्ने मलाई विस्वास छ ।

मुलुकमा भएको १८ वर्ष लामो अशान्ति र द्वन्दग्रत अवस्थाले सम्पूर्ण वैंकिङ्ग क्षेत्र प्रभावित रह्यो र अझ विशेष गरी लोकतान्त्रिक मूल्य र मान्यतामा मात्रै फस्टाउन सक्ने समग्र सहकारी क्षेत्र विगत ४ वर्षदेखि झन वढी प्रभावित हुन पुग्यो । यसै अवधीमा तत्कालिन सरकारले गरेका निर्णयका कारण करिव १४ लाख प्रत्यक्ष सदस्य रहेको सहकारी क्षेत्रको वेवस्ता मात्रै हैन अवमूल्याकन समेत भयो । सहकारी क्षेत्रसंग जोडिएर आएका,पटक पटक जारी भएका अध्यादेश, परिपत्रहरु र निर्देशनहरुले यस क्षेत्रमा अझ वढी नियन्त्रण, संकुचन र समस्याहरु सृजना भएको हामी सवैंमा अनुभुती भएकै कुरा हो ।

लोकतान्त्रिक सरकार समक्ष समावेशी लोकतन्त्र भित्र सहकारी क्षेत्रलाई पनि सम्माहित गरी राज्य प्रणालीको पुनर्संरचनामा सहकारी क्षेत्रले पनि आफ्नो भुमिका निर्वाह गर्दै जाने अवसर प्राप्त गर्ने

वातावरण बनोस भनि  सादर तथा विनम्रता पूर्वक अनुरोध गर्दछु । साथै आगामी वर्षको कार्यक्रमको लागी निम्न वमोजिमका कार्यहरु सम्पन्न गर्ने लक्ष्य राखिएको तर्फ ध्यान आकर्षण गराउँदछु  :-

- राष्ट्रिय सहकारी वैंक ऐंन निर्माणका निमित्त पहल गर्ने, उक्त ऐन निर्माण नभईन्जेल सम्मका लागि सहकारी ऐनमा समायनुकुल संशोधन सहित सहकारी वैंक सम्वन्धी छुट्टै परिच्छेदको व्यवस्था गर्न पहल गरिने छ ।
- सहकारीका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुमा सम्वन्धको विकास र सहकार्य गर्दै सदस्यता प्राप्त गर्नको लागि पहल गरिने छ ।
- कर्जा तथा निक्षेपमा लिने/दिने व्याजदरलाई समय सापेक्ष परिवर्तन गर्दै लैजाने नीति अख्तियार गरिएको छ ।
- विपन्न वर्गलाई लक्षित गरेर कर्जा लगानी सम्वन्धी कार्यक्रम ल्याईने छ ।
- अन्तर सहकारी विल भुक्तानी तथा स्वदेशी **Remittance** र विदेश वाट प्राप्तहुने **Remittance** का लागी एजेन्सी  लिने कार्य तथा सहकारी विमा सम्वन्धी कार्यलाई सम्पन्न गरीने छ ।
- वैंकको चुक्ता पुंजि वृद्धिको लागी सर्म्पूण सहकारी सघ/सस्थाहरुलाई शेयर खरिद गर्न, थप शेयर खरिद गर्न र सरकारका तर्फवाट समेत शेयर थप गराउन प्रयास जारी राखिने छ ।
- वैंकका गतिविधिहरुलाई तिव्रता दिन सदस्य संघ/सस्थाहरुलाई उपयोगी हुने गरी पत्रिका प्रकाशन ,शिक्षा तथा तालिम, पेशागत विकास कार्यक्रम र आपसी सहयोग कार्यक्रम वैंकको वेभसाईट मार्फत सूचनाहरु आदान प्रदान लगाएतका कमर्यक्रमहरुमा तिव्रता ल्याईने छ ।
- वैकका संचालक समिति, लेखा समिति, अन्य उपसमितिका पदाधिकारी तथा कर्मचारीहरुलाई आवश्यक क्षमता विकास सम्वन्धी तालीम तथा अवलोकन भ्रमण को व्यवस्था मिलाईने छ ।

अन्तमा,
राष्ट्रिय सहकारी वैंकको आर्थिक तथा सामाजिक गतिशीलतामा तिव्रता ल्याई सहकारी आन्दोलनको एक प्रमुख अंगको रुपमा स्थापना गर्नको लागि अथक प्रयास र अमूल्य योगदान दिई यस वैंकलाई आजको यस अवस्थासम्म ल्याउन सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, नेपाल राष्ट्र वैंक, राष्ट्रिय सहकारी संघ, राष्ट्रिय सहकारी विकास वोर्ड, वैंकका सल्लाहकारज्यूहरु, वैंकमा आवद्ध हुने सदस्यहरु, सहकारीकर्मी मित्रहरु लगायत उपस्थित अतिथिज्यूहरु, पत्रकार साथीहरु तथा साधारणसभाको व्यवस्थापनमा अहोरात्र खट्नु भएका सहयोगी मित्रहरु, विभिन्न समितिका सदस्यज्यूहरु र वैंकका संचालक तथा लेखा समितिका साथीहरु, कर्मचारी वर्ग सवैमा पून: एकपटक स्वागत अभिवादन तथा धन्यवाद प्रकट गर्दछु ।

**जय सहकारी**

मिति : २०६४ पौष २१ गते, शनिवार ।
स्थान : ललितपुर पार्टी प्यालेस, ललितपुर ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रबन्ध संचालक के. बी. उप्रेतीद्वारा बैंकको चौथो वार्षिक साधारणसभामा प्रस्तुत कार्यक्रम, बजेट तथा प्रगति प्रतिवेदन

राष्ट्रिय सहकारी बैंकको चौथो वार्षिक साधारणसभाको अध्यक्षता गरी रहनु भएका बैंकका अध्यक्षज्यू, अत्यन्त व्यस्थताका बावजुत पनि हाम्रो आमन्त्रणलाई सहर्ष स्वीकार गरी सभामा शोभा प्रदान गर्नु हुने आदरणीय प्रमुख अतिथिज्यू, विशिष्ठ सल्लाहकारज्यूहरु, अतिथिज्यूहरु, विभिन्न सहकारी संघ/संस्थाहरुबाट पाल्नु भएका प्रतिनिधि तथा प्रर्यवेक्षक साथीहरु, पत्रकार मित्रहरु, सभामा उपस्थित हुनु भएका सम्पूर्ण शुभचिन्तक मित्रहरु तथा सहकारी सेवामा कार्यरत कर्मचारी साथीहरुमा सहकारी बैंक तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहन्छु ।

**आदरणीय प्रतिनिधि साथीहरु,**

सहकारी ऐन २०४८ को निर्माण पछि सहकारी संघ/संस्थाको विकासक्रम तिव्र रहेको भएता पनि सहकारी क्षेत्रलाई हेर्ने दृष्टिकोण र सहयोग गर्ने निकायहरु अनुदार रहेकोले सहकारी क्षेत्र वित्तीय अभिभावक विहिन अवस्थामा रहन पुग्यो । वित्तीय परामर्श र सहयोगको अभावका कारण २०५७/५८ मा सहकारी क्षेत्र लगभग दुर्घटनाको अवस्थामा पुगि सकेको थियो । यो यथार्थलाई हृदयंगम गरी सहकारीका केन्द्रीय निकायहरु, सम्बद्ध साथीहरु र सरकारको समेत पहलमा संघ/संस्थामा वित्तीय सहयोग र प्रबर्द्धन गर्ने केन्द्रीय निकायको रुपमा यस बैंकको स्थापना भएको कुरा यहाँहरुमा पूनः स्मरण गराउन चाहन्छु । सरकारले भर्खरै कार्यान्वयनमा ल्याउन घोषणा गरेको त्रिवर्षिय अन्तरिम योजनामा देशको आर्थिक विकासमा सरकारी क्षेत्र, सहकारी क्षेत्र र निजी क्षेत्रलाई संगसगैं लैजानु पर्ने भनी नीतिगत रुपमा अंगिकार गरिसकेको अवस्थामा पनि सहकारी बैंकले अन्य वाणिज्य बैंक सरह बैंकिङ कारोवार गर्न स्वीकृत प्रदान नगर्ने नेपाल राष्ट्र बैंकको नीति विडम्बनापूर्ण नै छ । यो चुनौतीलाई आत्मसात र पूर्णताका लागि पहल गर्दै उपलब्ध साधन श्रोतबाट बैंकलाई अगाडी लैजानु परेको यथार्थता यहाँहरु समक्ष अवगत नै छ । सहकारी बैंकको आवश्यकता र असहज परिस्थितीका वीच आज हामी उपस्थित भएका छौं । यिनै परिस्थितीहरुको समालोचनात्मक विश्लेषण गरी बैंकलाई मार्ग निर्देशन गर्ने कार्यमा यहाँहरुको हिजो जस्तै सक्रिय सहभागिताको अपेक्षा राख्दछु ।

**आदरणीय प्रतिनिधि साथीहरू,**

राष्ट्रिय सहकारी बैंकबाट तेश्रो साधारणसभा देखि हालसम्म सहकारी बैंकबाट सम्पादन गरिएका कार्यहरूको प्रगती प्रतिवेदन तथा आगामी वर्षको कार्यक्रम बजेटलाई संक्षिप्त रुपमा यहाँहरू समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- राष्ट्रिय सहकारी बैंकको पोखरामा सम्पन्न भएको तेश्रो वार्षिक साधारणसभाबाट पारित भएका प्रस्ताव तथा सुझावहरूको कार्यान्वयन गर्ने क्रममा २०६३/२०६४ मा बैंक संचालक समितिको बैठक ९ पटक र लेखा समितिको बैठक ३ पटक सम्पन्न भएको छ ।
- बैंकलाई प्रतिस्पर्धात्मक रुपमा अगाडी बढाउनु पर्ने चुनौतीलाई आत्मसात् गर्दै आधुनिक कम्प्यूटर प्रविधि अवलम्बन गरिनुका साथै सेवालाई स्पष्ट, पारदर्शी र जवाफदेही बनाइएको छ।
- कर्मचारी प्रशासनलाई चुस्त र व्यवसायीक बनाउने योजना अनुरुप कर्मचारीहरूको कार्य विभाजन गरी दायित्व बोध गराउने कार्यका साथै कार्यदक्षता र शीप विकासका तालीमहरूमा सहभागी गराउदै लगिएको छ ।
- बैंकको कार्यालय, शाखा कार्यालय एवं प्रतिनिधि संस्थाको कारोवार र अन्तरसम्बन्धलाई स्पष्ट र पारदर्शी ढंगले व्यवस्थापन गर्ने गरी थप कार्यविधी तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।
- राष्ट्रिय सहकारी बैंक प्रतिनिधि संस्था कार्यालय र बैंकबाट ऋण प्राप्त गर्ने सदस्य संघ/संस्थाको नियमित, नियमन, निरिक्षण र सुपरिवेक्षण गर्ने गरिएको र यस कार्यलाई अझ बढी प्रभावकारी रुपमा संचालन गरिने छ ।

- प्रतिनिधि संस्था कार्यालय स्थापना भएका स्थानहरूमा अन्तर सहकारी रकम रकमान्तरणको कार्य प्रारम्भ गरी सकिएकोले सबै सहकारी संघ/संस्थालाई उक्त सेवा प्रयोग गर्न अनुरोध गर्दछु ।
- अन्तर्राष्ट्रियस्तरमा अनुभव आदान प्रदान र सम्बन्ध विस्तारको कार्य प्रारम्भ भैसकेको भए तापनि अन्तर्राष्ट्रियस्तरको सदस्यता प्राप्त भै नसकेकोले यस वर्ष उक्त कार्य सम्पन्न हुने आशा राखेका छौं ।
- बैंकको सदस्यता बृद्धि सन्तोषजनक रहे पनि शेयर तथा आवधिक निक्षेप रकमको बृद्धिमा उल्लेख्य प्रगती हुन सकेको छैन । प्राप्त सिमित श्रोतको अधिकत्तम परिचालन भएकोले सन्तोषप्रद प्रतिफल प्राप्त भएको छ ।
- सहकारीका कार्यक्रम, सभा, सम्मेलन, गोष्ठी, अन्तरक्रिया, तालीम, अवलोकन भ्रमण आदिमा बैंकको क्षमताले भ्याएसम्म अध्यक्ष, प्रबन्ध संचालक, संचालक समिति, लेखा समिति, उपसमिति र कर्मचारीहरूले भाग लिने र बैंकका तर्फबाट सल्लाह सुझावहरू राख्ने कार्य भएको छ ।

**तालिममा सहभागी भएका संचालक तथा कर्मचारीहरूको नामावली**

| सि.नं | नाम | तालिमको विषय | तालीम दिने संस्था | कैफियत |
|---|---|---|---|---|
| १. | प्रंवन्ध संचालक<br>के. बी. उप्रेती | Enhancement of Farmer's Income & poverty reduction through Cooperatives | ICA Japan | बैंकको खर्च नलागेको |
| | | Leadership Management | KFA, Kathmandu | बैंकको खर्चमा |
| २. | संचालक<br>रमेश प्रसाद पोखरेल | Trainer's Training | बैकुण्ठ मेहता विश्वविद्यालय, दिल्ली | ५०% बैंकको खर्चमा |
| ३. | संचालक<br>नमराज सापकोटा | Trainer's Training | केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र, काठमाण्डौ | बैंकको खर्चनलागेको |
| ४. | प्रबन्धक<br>नवराज उपाध्याय | Human Resource Training | राष्ट्रिय सहकारी संघ काठमाण्डौको आयोजनामा भारतीय र जापानी प्रशिक्षकबाट | बैंकको खर्चमा |
| ५. | अधिकृत<br>अशोक शिवाकोटी | Trainer's Training | केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र, काठमाण्डौ | बैंककोखर्च नलागेको |
| ६. | बरिष्ठ सहायक<br>मोहन कार्की | Credit Management | KFA, Kathmandu | बैंकको खर्चमा |
| | | Advance Accounting | KFA, Kathmandu | बैंकको खर्चमा |
| ७. | बरिष्ठ सहायक<br>मधु रायमाझी | Frauds Forgeries & Signature verification | Banking Training Institute, Kathmandu | बैंकको खर्चमा |
| ८. | सहायक<br>विनिता विष्ट | Frauds Forgeries & Signature verification | Banking Training Institute, Kathmandu | बैंकको खर्चमा |

- गत बर्ष सहकारी बैंकको सदस्यता तथा कारोवार बृद्धि गर्ने उद्देश्यले काठमाडौं, ललितपुर भक्तपुर, काभ्रे, बाग्लुङ्ग, स्याङ्जा, गोर्खा, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, मोरङ्ग, झापा, सुनसरी, ताप्लेजुङ्ग, कास्की, सुर्खेत, दोलखा, म्याग्दी, तनहुँ आदि जिल्लाहरूमा अन्तर्क्रियात्मक गोष्ठी, भेला सम्पन्न गरिसकिएको छ ।
- सहकारी ऐन संशोधनमा बैंक सम्बन्धि छुट्टै परिच्छेदको व्यवस्था गरी बुँदागत रूपमा उल्लेख गरी सम्बन्धित निकायमा पेश गरिएको र छुट्टै सहकारी बैंक ऐन ल्याउन विकास वोर्डबाट सहकारी बैंक ऐन मस्यौदा गर्न रकम समेत विनियोजित भैसकेको व्यहोरा अनुरोध छ ।
- गत साधारणसभाबाट पारित नियमित तथा अनिवार्य वचतलाई यसै आ.व. भित्र सुरु गरी सबै सदस्य संघ/संस्थाहरू विच पुऱ्याइने छ ।
- ठुला कारोबार गर्ने सहकारी संस्थाहरूसंग अन्तरक्रिया तथा पहल गरी शेयर थप तथा निक्षेप बृद्धि गराउने व्यवस्थाको लागि उपसमिति निर्माण गरी कार्य प्रारम्भ भैसकेको छ ।
- निक्षेपमा दिइने व्याज दरमा आवश्यक परिवर्तन गरी यस बर्ष देखि " निक्षेप संकलन तथा व्यवस्थापन कार्यविधि " तैयार गरी निक्षेप कारोवारलाई आकर्षक र व्यवस्थित गर्ने कार्य प्रारम्भ भैसकेको छ ।
- संचालक तथा कर्मचारीहरूलाई सक्षम र प्रतिस्पर्धी बनाउन स्थानिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका तालीम, गोष्ठी, सेमीनार, अवलोकन भ्रमण आदीमा सहभागी गराउने, दक्षतापूर्ण कार्यकालागि प्रोत्साहित गरीने, समय सापेक्ष कार्य गर्न नसक्ने कर्मचारीहरुलाई दण्ड सजाय गर्ने नीतिलाई निरन्तरता दिइएको छ ।
- २५ जिल्लामा प्रतिनिधि संस्था कार्यालय स्थापना गर्ने गत साधारणसभाको प्रतिवद्धता अनुरुप कार्य प्रारम्भ गरिएको भए तापनि विनियममा भएको प्राविधिक जटिलताका कारण उक्त कार्य सम्पन्न हुन नसकेकोले विनियम संशोधन पछाडी उक्त कार्यलाई प्राथमिकता साथ अगाडी बढाइने छ ।

### प्रतिनिधि संस्थाको विवरण : २०६४ आषाढ मसान्तसम्म (रू. ०००)

| क्र सं. | प्रतिनिधी लिने संस्थाको नाम | निक्षेप | कर्जा लगानी | नाफा/नोक्सान |
|---|---|---|---|---|
| १. | जिल्ला सहकारी संघ, झापा | १,७६,०९ | १,०९,८६ | २,४५ |
| २. | नेपाः बहुउदेश्यीय स.संस्था लि.-इटहरी | १,०५,६१ | २०,७५ | ९८ |
| ३. | मकवानपुर व. तथा ऋ. स.संस्था लि.- मकवानपुर | ८,८० | ६,११ | ३३ |
| ४. | पोखरा रोयल को-अपरेटिभ लि. - कास्की | ६९,२९ | ७५,३५ | - |
| ५. | एकता सहकारी संस्था लि. - बाग्लुङ | ४६ | ० | (३२) |
| ६. | जनहितकारी व.तथा ऋ स.संस्था लि. - सुर्खेत | १८,४४ | ३२,२२ | (१४) |
| ७. | उपकार बचत तथा ऋण सहकारी सं. लि.,स्याङ्गजा | (प्राप्त नभएको) | - | - |
| ८. | जिल्ला सहकारी संघ लि., नुवाकोट | १,०४,९७ | ० | (१३) |

आदरणीय प्रतिनिधि साथीहरू ,

सहकारी बैंकको शेयर पूँजी, निक्षेप, कर्जा तथा लगानी आय, व्यय र नाफा नोक्सान सहितको वित्तीय विवरण तथा कार्यक्रम बजेट निम्नानुसार रहेको प्रनिनिधि तथा पर्यवेक्षक मित्रहरूलाई जानकारी गराउन चाहन्छु ।

# श्री राष्ट्रिय सहकारी बैंक लिमिटेड
## बजेट तथा कार्यक्रम तालिका

**पूँजी तथा दायित्व** रु. (हजारमा)

| शिर्षक | २०६३/६४ को प्रस्तावित | २०६४ आषाढ मसान्तका वास्तविक | २०६४/६५ को लागि प्रस्तावित | औचित्य |
|---|---|---|---|---|
| चुक्ता शेयर पूँजी | ८२,५०० | ५३,७०२ | ८२,५०० | अधिराज्य भरिका सहकारी संघ/संस्था तथा उपत्यका भित्रका सवल सहकारीहरुमा पहल गरी शयेर पूजिं वृद्धि गर्नुपर्ने भएकोले गतवर्षकै प्रस्तावित रकम उल्लेख गरिएको । |
| जगेडा तथा अन्य कोष | - | २,६२९ | ५,००० | यस वर्ष नाफा बृद्धि हुने भएकोले थप गरिएको । |
| कुल निक्षेप | १४५,००० | १७६,८४८ | २१५,००० | अधिराज्य भरिका सहकारी संघ/संस्था तथा उपत्यका भित्रका सवल सहकारीहरुमा पहल गरी निक्षेपमा वृद्धि हुने भएकोले वृद्धि गरिएको । |
| अन्य दायित्व | - | ३,९५६ | ५,००० | बचत खाताहरुको दिनुपर्ने तथा ब'झाउन'पर्ने कर रकमहरु बृद्धि हुन सक्ने भएकोले थप गरिएको । |
| **कुल पूँजी तथा दायित्व** | - | २३७,५०० | ३०७,५०० | - |

नोट : गत वर्ष प्रस्ताव गर्दा मुख्य मुख्य शिर्षकमा मात्र रकम प्रस्तावित भएकोले यस वर्ष देखि हरेक शिर्षकमा बजेट प्रस्ताव गर्न शुरु गरिएको । कुल निक्षेपमा प्रतिनिधि कार्यालयहरुको निक्षेप रकम रु ३५,९७९ (हजार) समावेश गरिएको छ ।

**सम्पत्ती** रु. (हजारमा)

| शिर्षक | २०६३/६४ को प्रस्तावित | २०६४ आषाढ मसान्तका वास्तविक | २०६४/६५ को लागि प्रस्तावित | औचित्य |
|---|---|---|---|---|
| नगद तथा बैंक मौज्दात | - | ७०,०९५ | ८५,००० | प्राय: दैनिक मौज्दातको बचत खाता रहेकोले तरलता कायम राख्न । |
| सहकारी संस्थामा मौज्दात | - | १२,२८८ | १२,००० | क्रमश: कम गदै लैजानको लागि कम प्रस्ताव गरिएको । |
| शाखा तथा प्रतिनिधि कार्यालय मौज्दात | - | ४,५३४ | ४,५०० | क्रमश: कम गदै लैजानको लागि कम प्रस्ताव गरिएको । |
| अन्य सम्पत्ती | | १,१०६ | १,३०० | कर्जाको असूल गर्नुपर्ने व्याज थप हुन सक्ने भएकोले । |
| कर्जा तथा सापट | १९०,००० | १४७,७०९ | २२८,३०० | कर्जा सापट बृद्धि हुने भएकोले थप गरिएको । |
| स्थिर सम्पत्ती | - | १,४०३ | ३,४०० | बैंकको संजाल विस्तार गर्दा खरिद हुने सम्पत्ती थप हुंदा बृद्धि गरिएको । अनुसूची ३ मा उल्लेख गरिएको । |
| **कुल सम्पत्ती** | - | २३७,१३५ | ३०७,५०० | |

## आम्दानी तर्फ

| शिर्षक | २०६३/६४ को प्रस्तावित | २०६४ आषाढ मसान्तका वास्तविक | २०६४/६५ को लागि प्रस्तावित | औचित्य |
|---|---|---|---|---|
| व्याज आम्दानी | १३,००० | १३,७७६ | २१,००० | कर्जा वृद्धि हुंदा आम्दानी पनि वृद्धिहुने भएकोले वृद्धि गरिएको |
| सेवा शुल्क | | ९११ | १,००० | कर्जा वृद्धि हुंदा सेवा शुल्क पनि वृद्धिहुने भएकोले वृद्धि गरिएको |
| प्रवेश शुल्क | | ११३ | १५० | सदस्यता वृद्धि हुंदा आम्दानी हुने भएकोले वृद्धि गरिएको |
| अन्य आम्दानी | २,००० | १९९ | २०० | रकमान्तर, विल कारोवार तथा प्रतिनिधि संस्थाबाट भएको नाफा समावेश हुने भएकोले वृद्धि गरिएको |
| कुल आम्दानी | १५,००० | १४,९९९ | २२,३५० | |

## खर्च तर्फ

| शिर्षक | २०६३/६४ को प्रस्तावित | २०६४ आषाढ मसान्तका वास्तविक | २०६४/६५ को लागि प्रस्तावित | औचित्य |
|---|---|---|---|---|
| व्याज खर्च | ६,५०० | ६,७५२ | १०,००० | निक्षेप वृद्धि संगै दिने व्याज वृद्धि हुने भएकोले वृद्धि गरिएको। |
| कर्मचारी खर्च | १,६७० | १,४१० | २,००५ | कर्मचारी खर्चको अनुसूची नं. १ मा उल्लेख गरिएको। |
| कार्यालय संचालन खर्च | ३,५१० | २,७१४ | ४,२२५ | कार्यालय संचालन सम्बन्धि खर्चको अनुसूची नं. २ मा उल्लेख गरिएको। |
| प्रर्वद्धानात्मक तथा कार्यक्रम खर्च | १,१०० | २७२ | ३०० | बैंकको विधान संशोधन सम्बन्धि विभिन्न जिल्ला तथा क्षेत्रहरुमा अर्न्तक्रिया गर्नुपर्ने भएकोले। |
| जोखिम व्यवस्था कोष खर्च | १,१५० | ३७७ | १,१५० | कर्जा रकम वढ्ने भएकोले गत सालकै प्रस्तावित रकम उल्लेख गरिएको। |
| कुल खर्च | १३,९३० | ११,५२५ | १७,६८० | |

## नाफा (नोक्सान)

| विवरण | २०६३/६४ को प्रस्तावित | २०६४ आषाढ मसान्तका वास्तविक | २०६४/६५ को लागि प्रस्तावित |
|---|---|---|---|
| कुल आम्दानी | १५,००० | १४,९९९ | २२,३५० |
| कुल खर्च | १३,९३० | ११,५२५ | १७,६८० |
| कर अगाडि नाफा (नोक्सान) | १,०७० | ३,४७४ | ४,६७० |

## शेयर सदस्य

| विवरण | २०६३/६४ को प्रस्तावित | २०६४ आषाढ मसान्तका वास्तविक | २०६४/६५ को लागि प्रस्तावित |
|---|---|---|---|
| सदस्य संख्या | १,६१० | १,२६६ | १,६०० |

अनुसूची १

**खर्च तर्फ**

रु. हजार

| शिर्षक | २०६३/६४ को प्रस्तावित | २०६४ आषाढ मसान्तका वास्तविक | २०६४/६५ को लागि प्रस्तावित | औचित्य |
|---|---|---|---|---|
| तलब भत्ता | १,२९५ | १,१०६ | १,५५० | बैंकको संजाल विस्तारको लागि थप हुने कर्मचारीहरुको लागि समेत व्यवस्था गरिएकोले । |
| संचयकोष | ३५ | ३५ | ५० | ग्रेड वृद्धिले थप हुने कारणले वृद्धि गरिएको |
| दशैं खर्च | ८५ | ७९ | १२० | थप हुने कर्मचारीहरुको लागि समेत व्यवस्था गरिएकोले । |
| यातायात खर्च | १०० | १०० | १७० | कर्मचारीलाई बैंकको नगद ओसार पसार तथा मर्केटिङ गर्ने काममा लगाउँदाको इन्धन खर्च यसमा समावेश गर्नुपर्ने भएकोले वृद्धि गरिएको |
| पोशाक खर्च | ४८ | ११ | ५० | कर्मचारी थप हुने कारणले वृद्धि गरिएको |
| ओभरटाईम खर्च | ३५ | ४२ | ० | मितव्ययितालाई ख्याल गरी सन्धयाकानिल काउण्टर बन्द भएको कारणले हटाईएको |
| विदाको रकम खर्च | २० | २० | ४० | कर्मचारी थप हुने कारणले गरिएकोले |
| उपदान व्यवस्था खर्च | ५२ | १७ | २५ | स्थायी कर्मचारीले मात्र पाउने कारणले कम गरिएको |
| जम्मा | १,६७० | १,४१० | २,००५ | |

अनुसूची २

**कार्यालय संचालन खर्च**

रु. हजार

| शिर्षक | २०६३/६४ को प्रस्तावित | २०६४ आषाढ मसान्तका वास्तविक | २०६४/६५ को लागि प्रस्तावित | औचित्य |
|---|---|---|---|---|
| घरभाडा | ३२५ | ३१९ | ६०० | बैंकको संजाल विस्तार तथा बैंकका लागि हलको व्यवस्था गर्नेपर्ने भएकोले वृद्धि गरिएको । |
| विमा | १० | ९ | ७० | काउण्टर थप हुने कारणले वृद्धि गरिएको । |
| पानी बत्ति | ४० | ३७ | ५५ | काउण्टर थप हुने कारणले वृद्धि गरिएको । |
| तार, टिकट, टेलिफोन | १५० | १०८ | २०० | काउण्टर थप हुने कारणले वृद्धि गरिएको । |
| छपाई तथा मसलन्द | २०० | ९८ | २०० | काउण्टर थप हुने कारणले वृद्धि गरिएको । |
| पत्रपत्रिका | १५ | १२ | १५ | गत वर्षको प्रस्तावित बमोजिम । |
| विज्ञापन तथा प्रवर्द्धन | १२० | ६२ | १०० | मितव्ययिता अपनाउन गत वर्षको प्रस्तावित भन्दा कम प्रस्ताव गरिएको । |
| सुरक्षा | ५० | ५५ | १५० | काउण्टर थप हुंदा सुरक्षागार्ड थपहुने भएकोले वृद्धि गरिएको । |
| दैनिक तथा भ्रमण खर्च | १०० | १०८ | २०० | शाखा तथा प्र. कार्यालयको आन्तरिक अनुगमन निरिक्षण गर्नुपर्ने भएकोले वृद्धि गरिएको । |
| अतिथि सत्कार | १२५ | १०० | १२५ | गत वर्ष अनुसार प्रस्ताव गरिएको । |
| तालिम खर्च | १५ | ३५ | १०० | कर्मचारी तथा सदस्य संस्थाका पदाधिकारी तथा कर्मचारीहरुको |
| साधारण सभा खर्च | ४५० | ३०४ | ४५० | तालिमको लागि व्यवस्था गरिएको<br>मंहगी वृद्धि भएकोले गतवर्षकै प्रस्तावित रकम उल्लेख गरिएको । |
| संचालक समिति खर्च | ५५५ | ५५२ | ७५० | विधान बमोजिम बैठकहरु वस्नुपर्ने भएको कारणले संख्यामा वृद्धि हुने तथा संचालनको दैनिक भत्ता तथा खर्च समेत समावेश हुने भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| अन्य समिति खर्च | ६० | ५९ | ६० | कारोवार बढ्ने भएकोले बैठक संख्या बढ्न सक्ने हुंदा गत वर्षकै प्रस्तावित रकम उल्लेख गरिएको । |
| मर्मत संभार खर्च | ७० | ७३ | १५० | कार्यालय उपकरण तथा समानहरु मर्मत गराउनुपर्ने भएकोले वृद्धि गरिएको । |
| लेखापरिक्षण खर्च | ३० | २० | ३० | बैंकको सबै संजालको लेखापरिक्षण गर्नुपर्ने भएकोले गत वर्ष कै प्रस्ताब गरिएको । |
| नखप्ने सामान | २५ | २५ | ६० | काउण्टर थपहुने भएकोले वृद्धि गरिएको । |
| विविध खर्च | ३५ | ४५ | ३० | मितव्ययिता अपनाउन गत वर्षको प्रस्तावित भन्दा कम गरिएको । |
| फ्लोरिङ खर्च | ३० | ० | ३० | बैंकको कारपेट पुरानो भएकोले फेर्नु पर्ने तथा काउण्टर थप हुने गत वर्षकै प्रस्तावित रकम उल्लेख गरिएको । |
| ह्रासकट्टी खर्च | ६०० | ४५६ | ६०० | काउण्टर खोलिने भएकोले गतवर्षकै प्रस्तावित रकम उल्लेख गरिएको । |
| पूर्व संचालन अपलेखन तथा शाखा विस्तार खर्च | २०० | २३७ | २५० | यस वर्ष खर्च भएको रकम ५ वर्ष सम्म अपलेखन गर्नु भएकोले सोही बमोजिम प्रस्ताव गरिएको । |
| **जम्मा** | ३,२०५ | २,७४१ | ४,२२५ | |

पूँजिगत खर्च विवरण

अनुसूची ३

**(क) फर्निचर**

**रु. हजारमा**

| | | |
|---|---|---|
| काउण्टर | ३ थान | ३०० |
| स्टिल दराज | ३ थान | २७ |
| अफिस टेबल | ३ थान | १५ |
| अफिस कुर्सी | ६ थान | २४ |
| भिजिटर कुर्सी | ६ थान | १२ |
| गार्ड कुर्सी | ३ थान | ३ |
| काउण्टर मेच | ३ थान | ९ |
| स्टुल | ३ थान | २ |
| अन्य | | ८ |
| जम्मा | | ४०० |

**(ख) कम्प्यूटर तथा उपकरण**

| | | |
|---|---|---|
| कम्प्यूटर | ५ थान | २०० |
| सफ्टवयेर | ३ थान | १५० |
| प्रिन्टर्स/फ्याक्स/फोटोकपि | ३ थान | ६० |
| नेटवर्किङ्ग, अन्य उपकरण | | ४० |
| जम्मा | | ४५० |

**(ग) कार्यालय सामाग्री**

| | | |
|---|---|---|
| सिसिटिभी | ३ थान | २४० |
| सेफ | ३ थान | १२० |
| पंखा | ४ थान | १० |
| नोट काउन्टिङ्ग मेसिन | ४ थान | ६०० |
| इन्भटर ब्याट्रि सहित | ४ थान | १६० |
| अन्य कार्यालय सम्बन्धी उपकरण | | २० |
| जम्मा | | ११५० |

प्रस्तावित कार्यक्रम बजेटको कार्यान्वयनका लागि निम्नानुसारको मानव संशाधनको व्यवस्थापन गरिएको कुरासमेत जानकारी गराउन चाहन्छु ।

| | |
|---|---|
| प्रबन्ध संचालक | १ |
| प्रबन्धक | १ |
| अधिकृत | १ |
| वरिष्ठ सहायक | ४ |
| सहायक | १ |
| कनिष्ठ सहायक | १ |
| पिएन | १ |
| सुरक्षागार्ड | १ |

आदरणीय प्रतिनिधि साथीहरू,
प्रस्तावित कार्यक्रम, बजेट तथा प्रगति प्रतिवेदन आवश्यक सुझाव सहित पारित गरिदिनुहुनका साथै यस बैंकको प्रगती तथा प्रर्बद्धनका लागि यहाँहरूको सक्रिय सहयोग तथा सुझाव प्राप्त हुने अपेक्षा राख्दै आफ्नो प्रतिवेदन यही अन्त्य गर्न चाहन्छु ।

धन्यवाद,
जयसहकारी

मिति : २०६४/९/२१
ललितपुर विशालवजार
ललितपुर

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको चौथो वार्षिक साधारणसभामा प्रस्तुत लेखा समितिको प्रतिवेदन

आदरणीय सभाध्यक्षज्यू,
साथै सहभागी सदस्य महानुभावहरु,

राष्ट्रिय सहकारी बैंकको चौथो वार्षिक साधारणसभामा सहभागी महानुभावहरुमा लेखा समितिको तर्फबाट हार्दिक अभिवादन गर्न चाहन्छु ।

बैंकको आज सम्पन्न हुन गैरहेको चौथो बार्षिक साधारणसभामा लेखा समितिले आ.ब. २०६३/६४ मा गरेका गतिविधिहरुका बारेमा र बैंकको लेखा सम्बन्धि नीतिगत विषयमा समेत भए गरेका कार्यहरु तथा साधारणसभामा सूचित गर्नु पर्ने विषयहरु संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नेपाली भूमिमा सहकारी आन्दोलन शुरु भएको ५० वर्ष पूरा भई हामी सम्पूर्ण सहकारीकर्मीहरुबाट २०६२ चैत्र २० गते देखि २०६३ चैत्र २० गते १ वर्षसम्म विभिन्न कार्यक्रमका साथ स्वर्ण महोत्सव सम्पन्न गरिएको सवैमा विदितै छ । नेपालको सहकारी क्षेत्रले खेलेको प्रभावकारी भूमिकाद्वारा जनताको आर्थिक र सामाजिक क्षेत्रमा आएको सुधारको कारणबाट गाउँ बस्तीमा रहेका किसान मजदुर र श्रमजिविहरु समेत सहकारीको माध्यमबाट संगठित हुँदै आज देश भरी १० हजारभन्दा बढि सहकारी संघ/संस्थाहरु संचालित छन् । २०४६ सालको जनआन्दोलन पश्चात सहकारीकर्मीहरु कै प्रयासले गर्दा सहकारी ऐन २०४८ मा संशोधन गराई सहकारी क्षेत्रको आफ्नो एक मात्र बैंकको रुपमा राष्ट्रिय सहकारी बैंक लि. स्थापना गर्न सफल भएको कुरा सवैमा विदितै छ । राष्ट्रिय सहकारी बैंक लि. को स्थापना पछि विभिन्न कानूनी तथा प्राविधिक वाधा हुँदाहुदै पनि बैंकले सहकारी आन्दोलनमा खेलेको नेतृत्वदायी भूमिकाले गर्दा आज १२ सय भन्दा बढि सदस्य संघ/संस्थाहरुले बैंकमा आवद्धता जनाई सकेका छन् ।

